ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय**
पोखरा-२६, विजयपुर, कास्की
**फोन** : ०६१-४११४३८, ४११४३९

# बोनस शेयरमा लाग्ने कर बापतको रकम जम्मा गर्ने सम्बन्धमा शेयरधनीहरुलाई जारी गरिएको सूचना

यस वित्तीय संस्थाको मिति २०७८/०८/२८ मा सम्पन्न ९औं वार्षिक साधारण सभाबाट आ.व. २०७७/०७८ को मुनाफाबाट शेयरधनीहरुलाई २८ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त बोनस शेयर सूचीकरण भए पश्चात् शेयरधनीहरुको हितग्राही खातामा जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं । साथै साबिक स्पर्स लघुवित्त वित्तीय संस्था लिमिटेडलाई यस वित्तीय संस्थाले प्राप्ति गरी ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्थाको नामबाट एकीकृत कारोबार प्रारम्भ भएको मिति २०७८ बैशाख ०८ गते पश्चात् शेयर खरिद गरेका शेयरधनीहरुको हकमा सो थप शेयरमा प्रचलित आयकर ऐन, २०६३ को दफा ७४(क) अन्तर्गतको व्यवस्था बमोजिम कर लाग्ने र सो कर बापतको रकम शेयरधनी स्वंयले नै तिर्नुपर्ने भएकोले आर्जित बोनस शेयरमा लाग्ने कर बापतको रकम यस कम्पनीको नाममा रहेको तपसिल बमोजिमको बैंक खातामा जम्मा गरी सो को भौचर यस वित्तीय संस्थाको इमेल ठेगाना rts. gilb@gmail.com मा पठाउनु भए पश्चात बोनस शेयर हितग्राही खातामा पठाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**बोनस शेयरको कर बापतको रकम जम्मा गर्ने बैंकको विवरण**

| | |
|---|---|
| बैंकको नाम | : ग्लोबल आइएमई बैंक लिमिटेड, शाखा कार्यालय पोखरा, न्यूरोड |
| खाताको नाम | : ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. |
| खाता नं. | : I201010000370 |

कर बापतको रकम बैंकमा जम्मा गर्दा भौचरमा आफ्नो हितग्राही खाता नं., नाम तथा सम्पर्क नम्बर समेत अनिवार्य रुपमा उल्लेख गर्नुहुन अनुरोध गर्दछौं । साथै, भौतिक रुपमा शेयर धारण गर्ने शेयरधनीहरुले समेत आफ्नो शेयर अभौतिकीकरण गराए पश्चात् मात्र बोनस शेयर हितग्राही खातामा जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

**बोनसमा तिर्नुपर्ने करको रकमको जानकारी प्राप्त गर्ने तरिका :**

१) आफुले प्राप्त गर्ने बोनस शेयरमा तिर्नुपर्ने करको रकम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडको वेबसाईट www.globalimecapital.com मा लगईन गरी हेर्न सक्नु हुनेछ ।

२) शेयर दाखिला खारेजी बन्द भएको मिति २०७८/०८/१४ भन्दा अघिल्लो दिनसम्ममा आफ्नो शेयर धितो बन्धक राखी कर्जा सुविधा उपभोग गर्नु भएका शेयरधनीहरुको बोनस शेयरमा कर लाग्ने भएमा कर बापतको रकम समेत जम्मा गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter वा फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बोनस शेयर हितग्राही खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

३) अन्य थप जानकारीका लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।